


वर्ष ४० | अंक ६ | नेपाल राष्ट्र बैंक समाचार | फागुन २०७२ | फेब्रुअरी-मार्च २०१६

# गभर्नर डा. नेपालद्वारा प्रभु बैंक लिमिटेडको एकीकृत कारोबारको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले प्रभु बैंक लिमिटेड र ग्राण्ड बैंक नेपाल लिमिटेड एकआपसमा गाभिई कायम भएको प्रभु बैंक लिमिटेडको एकीकृत कारोबारको माघ २९ गते एक कार्यक्रम बीच शुभारम्भ गर्नुभयो ।

गभर्नर डा. नेपालले प्रमुख अतिथिको रूपमा सो कार्यक्रममा मन्तव्य राख्नुहुँदै पछिल्लो केही समय देशमा उत्पन्न असहज अवस्थामा क्रमशः सुधार देखिएकोले बैंक तथा वित्तीय संस्थाहरुको लगानी विस्तारका लागि उपयुक्त समय आएको बताउनु भयो । लगानीका लागि सहज वातावरण बन्दै जानु र बैंक तथा वित्तीय संस्था एकआपसमा गाभिई ठूलो र सक्षम संस्था बन्नुलाई राम्रो संयोगको रुपमा व्याख्या गर्दै उहाँले अबका दिनहरुमा सरकारको पुँजीगत खर्च बढ्ने, बैंकहरूको कर्जा लगानी पनि बढ्ने र नेपाल राष्ट्र



बैंकले तरलता प्रशोचन गरिरहनुपर्ने आवश्यकता नरहने आशा समेत व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा गभर्नर डा. नेपालले ठूला आयोजनाहरुको निर्माणमा ठूलो पुँजी आवश्यक



पर्ने भएकोले त्यस्ता योजनाहरुमा लगानी गर्नका लागि पनि बैंक तथा वित्तीय संस्थाहरुको पुँजी वृद्धि आवश्यक रहेको उल्लेख गर्नुभयो । चालू आर्थिक वर्षको मौद्रिक नीतिमा बैंकहरूको चुक्ता पुँजी वृद्धिको व्यवस्था गरिएको प्रस्ट पार्दै मर्जर तथा एक्विजिसनलाई पुँजी वृद्धिको एउटा उपायको रुपमा लिन सकिने धारणा उहाँले राख्नुभयो । नेपालमा बैंकिङ विकासको इतिहास छोटो रहेको र बैंकिङ कारोवार गर्ने सबै संस्था तथा कर्मचारीहरूको शैक्षिक पृष्ठभूमि एउटै रहेको हुनाले संस्थाहरू मर्ज हुन सहज रहेको विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

गभर्नर डा. नेपालले बैंकहरु जनताको विश्वासमा नै अडेको हुनाले सो विश्वास कायम राख्न बैंक तथा वित्तीय संस्थाहरुसँग आग्रह गर्नुभयो । विगत एक वर्षको अवधिमा नौ लाख भन्दा बढी बैंक खाताहरु खुल्नु र गत वैशाखको भूकम्पपछि बैंक तथा वित्तीय संस्थाहरुमा ठूलो धनराशी जम्मा हुनु बैंकप्रति जनताको विश्वासको प्रमाण हो भन्नुहुँदै उहाँले अझै पनि बहुसंख्यक जनता बैंकिङ सेवाबाट बञ्चित रहेकाले शाखा विस्तारको आवश्यकता औंल्याउनुभयो । विगतमा बन्द भएका बैंक शाखाहरु पुनर्स्थापनाका लागि पनि उहाँले जोड दिनुभयो ।



बैंकिङ व्यवसाय अन्य व्यवसायभन्दा पृथक भएकोले बैंकिङ बुझेर मात्र यस क्षेत्रमा आउनका लागि गभर्नर डा. नेपालले सुझाव दिनुभयो । सो अवसरमा उहाँले नेपाल राष्ट्र बैंकले नियमन व्यवस्थालाई अन्तर्राष्ट्रिय स्तरको बनाउँदै लगेको समेत जानकारी गराउनु भयो ।

## सक्रियवर्गका ऋणीहरुका लागि विशेष व्यवस्था

२०७२ असार मसान्तमा सक्रियवर्गमा कायम रहेका तर देशमा उत्पन्न असहज परिस्थितिका कारण ऋण तिर्ने क्षमतामा ह्रास आएका वा परियोजना सञ्चालनमा समस्या आई कर्जा तिर्न सक्ने क्षमता विद्यमान नरहेका ऋणीहरुको लागि विशेष व्यवस्था गरिएको छत

उक्त विशेष व्यवस्था अनुसार २०७२ असार मसान्तमा सक्रियवर्गमा कायम रहेका कर्जाको साँवा, ब्याज वा किस्ता रकम २०७२ चैत मसान्तसम्ममा प्राप्त भएमा सो कर्जालाई असल कर्जामा वर्गीकरण गरी सोही बमोजिम कर्जा नोक्सानी कायम गर्न सकिने र सम्बन्धित बैंक तथा वित्तीय संस्थाले असल वर्गमा वर्गीकरण गरेको यस्तो कर्जाको भुक्तानीमा ऋणीसँग पेनाल ब्याज वा विलम्ब शुल्क लिन नपाउने गरिएको छ ।

साथै, सूक्ष्म निगरानी सम्बन्धी व्यवस्थाका सम्बन्धमा सो वर्गका लागि २०७३ असार मसान्तमा ४ प्रतिशत कायम गर्ने गरी आर्थिक वर्ष २०७२/७३ को पहिलोदेखि तेस्रो त्रयमाससम्मका लागि २०७२ असारमा कायम रहेको २ प्रतिशत मात्र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने बैंक तथा वित्तीय संस्था नियमन विभागले जनाएको छ ।

यसैगरी, असहज परिस्थितिका कारण ऋण तिर्ने क्षमतामा ह्रास आउन सक्ने देखिएका कारण उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन (होटल, एयरलाइन्स, ट्राभल एजेन्सी आदि) र ऊर्जा (जलविद्युत उत्पादन, प्रसारण र वितरण आदि) लगायत सेवा क्षेत्रका ऋणीले लिखित कार्ययोजना पेस गरी कर्जा पुनरतालिकीकरण वा पुनरसंरचना गर्न दिएको निवेदनमा सम्बन्धित बैंक तथा वित्तीय संस्था आश्वस्त भएमा २०७२ चैत मसान्त भित्र त्यस्तो कर्जाको पुनरतालिकीकरण वा पुनरसंरचना हुन सक्ने र सो कर्जालाई पनि असल वर्गमा गणना गर्न सकिने व्यवस्था गरिएको छ ।

ब्याज आम्दानी लेखाङ्कन गर्ने प्रयोजनका लागि २०७२ पुस महिनासम्ममा पाकेको ब्याज २०७२ माघ मसान्तसम्ममा प्राप्त भएमा सो रकम बैंक तथा वित्तीय संस्थाहरुले आर्थिक वर्ष २०७२/७३ को दोस्रो त्रयमासको नाफा नोक्सान आम्दानी हिसाबमा जनाउन सक्ने व्यवस्था गरिएको छ ।

ग्रेस अवधि सम्बन्धमा असहज परिस्थितिका कारण उद्योग, व्यापार, शिक्षा, स्वास्थ्य, पर्यटन (होटल, एयरलाइन्स, ट्राभल एजेन्सी आदि) र ऊर्जा (जलविद्युत उत्पादन, प्रसारण र वितरण आदि) लगायत सेवा क्षेत्रका निर्माणाधीन परियोजनाको निर्माण सम्पन्न हुन थप समय लाग्ने भएमा वा परियोजना सम्पन्न भई किस्ता भुक्तानी सुरु हुने अवस्थामा ग्रेस अवधि समाप्त भए पनि बढीमा एक वर्षको ग्रेस अवधि थप गर्न सकिने व्यवस्था गरिएको छ । ग्रेस अवधिमा ब्याज पुँजीकरण गरी आम्दानी बाँधिएको ब्याज रकमलाई नाफा नोक्सान बाँडफाँड खाता मार्फत पुँजी समायोजन कोषमा रकमान्तर गर्नुपर्ने बनाइएको छ ।

बैंक तथा वित्तीय संस्थाहरुले टी. आर. कर्जा (Trust Receipt Loan) वा त्यस्तै प्रकृतिका आयात कर्जा प्रदान गर्दा २०७३ असार मसान्त भित्र असुल उपर हुने गरी १८० दिनको अवधि कायम गरी कर्जा प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ ।

## Capital Adequacy Framework 2015 जारी

बैंक तथा वित्तीय संस्थाहरुका लागि जारी गरिएको एकीकृत निर्देशन २०७२ को इ. प्रा. निर्देशन नं १ अन्तर्गत रहेको Capital Adequacy Framework 2007 (Updated July 2008) लाई परिमार्जन गरी Capital Adequacy Framework 2015 जारी भएको छ । उक्त Framework मा रहेका प्रावधानहरु **क** वर्गका वाणिज्य बैंकहरुले २०७२ पुस मसान्तदेखि समानान्तर रुपमा (Parallel Run) र २०७३ साउनदेखि पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

## पुनरकर्जा कार्यविधि सम्बन्धमा

भूकम्पबाट पूर्ण रुपमा घर क्षति भएका आफ्ना सदस्यहरुलाई आवासीय घर निर्माणका लागि **घ** वर्गका लघुवित्त वित्तीय संस्थाहरुले सामूहिक जमानीमा रु. तीन लाखसम्म कर्जा प्रवाह गरेमा नेपाल राष्ट्र बैंकबाट शून्य ब्याजदरमा पुनरकर्जा सुविधा प्रदान गरिने र **घ** वर्गका लघुवित्त वित्तीय संस्थाहरुको सिफारिशमा ती संस्थाका सदस्यहरुलाई **क**, **ख** र **ग** वर्गका बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गरेको रु. तीन लाखसम्मको कर्जामा समेत पुनरकर्जा सुविधा प्राप्त हुने व्यवस्था गरिएको छ ।

## नगद नेपाली तथा विदेशी मुद्रा ओसारपसारमा परिमाणात्मक बन्देज

नेपाल सरकार, अर्थ मन्त्रालयले नेपाल राजपत्रमा प्रकाशित गरेको सूचनामा रहेको व्यवस्था अनुसार नेपाली मुद्रा तथा विदेशी विनिमयको ओसारपसारमा नियन्त्रण गर्ने प्रयोजनका लागि विदेशी विनिमय व्यवस्थापन विभागले नेपाली वा विदेशी नागरिक नेपालबाट अन्य मुलुकमा जाँदा प्रतिव्यक्ति नेपाली रुपैयाँ ५००० भन्दा बढी साथमा लैजान तथा अन्य मुलुकबाट साथमा लिई आउन नपाउने व्यवस्था गरेको छ ।

यसैगरी नेपाली वा विदेशी नागरिक नेपालबाट अन्य मुलुकमा जाँदा प्रतिव्यक्ति अमेरिकी डलर ५००० वा सो बराबरका अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा बढी नगदै साथमा लैजान नपाउने (विशेष

क्रमशः ३ पेजमा

प्रयोजनका लागि पासपार्टमा बैंकले दरपीठ गरी सटही दिएको हकमा बाहेक) र अन्य मुलुकबाट नेपालमा आउँदा पनि प्रतिव्यक्ति अमेरिकी डलर ५००० वा सो बराबरका अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा बढी नगदै साथमा ल्याउन नपाउने (भन्सार घोषणा गरी प्रमाणित गरेको बाहेक) गरिएको छ।

यो व्यवस्था कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा सम्बन्धित पक्षले नेपाल राष्ट्र बैंकमा निवेदन दिई त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने पनि विदेशी विनिमय व्यवस्थापन विभागले जनाएको छ।

## सम्बन्धित मन्त्रालयबाट पूर्व अनुमति लिनुपर्ने

नेपालभित्र ओजोन तहलाई नष्ट गर्ने पदार्थहरुको पैठारी एवम् उपभोगलाई नियन्त्रण गर्न ओजोन तहलाई नष्ट गर्ने पदार्थहरु ODS Refrigerant Gas (R-22 वा HCFC-22) को आयातका लागि प्रतितपत्र खोल्नुअघि नेपाल सरकार, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको पूर्व अनुमति लिनुपर्ने व्यवस्था गरिएको विदेशी विनिमय व्यवस्थापन विभागले जनाएको छ।

## सटही सुविधा बारे

नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालयहरु, नेपाली जंगी अड्डा, जनपद तथा सशस्त्र प्रहरी, नेपाल वायुसेवा निगम, नेपाल आयल निगम, नेपाल विद्युत प्राधिकरण, रेडियो नेपाल, नेपाल टेलिभिजन, राष्ट्रिय समाचार समिति, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल दूरसञ्चार प्राधिकरण, त्रिभुवन विश्वविद्यालय, राष्ट्रिय खेलकुद परिषद, व्यापार तथा निर्यात प्रवर्द्धन केन्द्र र नेपाल पर्यटन बोर्डले विभिन्न प्रयोजन (जस्तै- मालवस्तु वा उपकरण आयात, सदस्यता शुल्क, सेवा शुल्क, मर्मत शुल्क, विज्ञापन, वायुयानहरुको भाडा वा लिज वा लिज पर्चेजको भुक्तानी, इन्जिनको रेन्टल चार्ज, फेरि फ्लाइट खर्च, जहाजको इन्जिन तथा पार्टपुर्जाहरुको मर्मत तथा ओभरहल शुल्क, स्टल भाडा, प्रशारण सेवा शुल्क, ट्रान्सपोण्डर शुल्क, भीस्याट शुल्क, डाँक सेवा शुल्क, छपाइ शुल्क, डेमुरेज चार्ज, कानुनी सेवा शुल्क, दैनिक तथा भ्रमण भत्ता, परामर्श सेवा शुल्क, प्राविधिक सेवा शुल्क आदिको लागि विदेशी मुद्राको सटही सुविधा माग गरेमा तोकिएका शर्तहरुको अधीनमा रही त्यस्तो सटही सुविधा वाणिज्य बैंकहरु तथा **ख** वर्गका राष्ट्रिय स्तरका विकास बैंकहरुले समेत सोझै प्रदान गर्न सक्ने व्यवस्था विदेशी विनिमय व्यवस्थापन विभागले मिलाएको छ।

## परिवर्त्य विदेशी मुद्राको बैंक ग्यारेण्टी सम्बन्धमा

नेपालस्थित कुनै निकायले मालवस्तु वा सेवा खरिद गर्दा सोको भुक्तानी बिक्रीकर्तालाई परिवर्त्य विदेशी मुद्रामा नै गरिने व्यवस्था छ भने त्यस्तो मालवस्तु वा सेवा खरिद गर्ने प्रयोजनका लागि जारी गरिने बैंक ग्यारेण्टी, नेपालको विप्रेषण कम्पनीले आफ्नो प्रिन्सिपल कम्पनीबाट अग्रिम भुक्तानी प्रप्त गर्ने प्रयोजनको लागि आवश्यक पर्ने बैंक ग्यारेण्टी (बढीमा अमेरिकी डलर २ लाखसम्म मात्र), इजाजतपत्र प्राप्त ट्राभल एजेन्सीहरुलाई नेपालमा कार्यरत विदेशी एयरलाइन्सको एजेण्ट भई काम गर्न आवश्यक पर्ने बैंक ग्यारेण्टी र विदेशस्थित कुनै निकायलाई नेपालबाट वस्तु निर्यात तथा सेवा उपलब्ध गराउने लगायतका व्यवसाय गर्न तथा सो प्रयोजनका लागि आवश्यक पर्ने अग्रिम भुक्तानी लिने प्रयोजन समेतका लागि सम्बन्धित व्यवसायीको अनुरोधमा वाणिज्य बैंकहरुले जारी गर्ने विदेशी मुद्रा (भारतीय रुपैयाँ समेत) को बैंक ग्यारेण्टी (बिड बण्ड, पर्फर्मेनस बण्ड आदि) जारी गर्दा नेपाल राष्ट्र बैंकको अनुमति लिइरहनु नपर्ने व्यवस्था गरिएको छ।

## भूकम्प पीडित आर्थिक सहायता सिफारिश समिति गठन

२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्प र तत्पश्चात्का परकम्पनहरुबाट बैंकमा कार्यरत केही कर्मचारीहरुको भौतिक सम्पत्तिमा क्षति भएकोले ती कर्मचारीहरुलाई राहत स्वरुप भौतिक क्षतिको यकिन गरी आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा सिफारिश गर्नका लागि भूकम्प पीडित आर्थिक सहायता सिफरिश समिति गठन भएको जनशक्ति व्यवस्थापन विभागले जनाएको छ।

## बालुवाटार कार्यालयमा डेडिकेटेड फिडर लाइन जडान

नेपाल राष्ट्र बैंकको बालुवाटार कार्यालयमा डेडिकेटेड फिडर लाइन जडान भएको छ। डेडिकेटेड फिडर लाइनबाट नियमित रुपमा विद्युत आपूर्ति हुने हुँदा कर्मचारीहरुको कार्यक्षमता तथा उत्पादकत्वमा वृद्धि हुने तथा जेनेरेटर, युपिएस आदिको प्रयोगमा कमी आई खर्च समेत कम पर्न जाने भएकोले उक्त लाइन जडान हुनुलाई ठुलो उपलब्धिको रुपमा लिइएको छ।

यसै सन्दर्भमा नेपाल विद्युत प्राधिकरणले डेडिकेटेड फिडर लाइन जडान गरी नियमित रुपमा विद्युत आपूर्ति गर्दा सामान्य विद्युत लाइनको भन्दा दोब्बर महसुल लिने भएकोले विद्युत खपत बढी गर्ने उपकरणहरु ए.सी. तथा हिटरको अनावश्यक प्रयोग नगर्न सामान्य सेवा विभागले अनुरोध गरेको छ। साथै, कर्मचारीले कार्यकक्ष छोड्नुअघि अनिवार्य रुपमा बत्ती, पंखा, कम्प्युटर आदिको स्विच अफ गर्न, दिउसो पर्याप्त उज्यालो आउने स्थानमा बत्ती नबाल्न र विभिन्न विभाग तथा महाशाखाहरुले विद्युतीय उपकरणहरु खरिद गर्दा कम विद्युत खपत गर्ने उपकरणहरुमा जोड दिन पनि सामान्य सेवा विभागले अनुरोध गरेको छ।

# गभर्नर डा. नेपालद्वारा व्यावसायिक कृषि तथा पशुपालन कर्जा प्रवाह कार्यक्रमको शुभारम्भ

गभर्नर डा. चिरंजीबि नेपालले माघ १६ गते एनसिसि बैंक लिमिटेडद्वारा रुपन्देहीको सिद्धार्थनगरमा आयोजित व्यावसायिक कृषि तथा पशुपालन कर्जा प्रवाह कार्यक्रमको शुभारम्भ गर्नुभयो ।



उक्त कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै गभर्नर डा. नेपालले यस वर्षको मौद्रिक नीतिमा कृषि पेशामा संलग्न साना व्यावसायिक किसानहरूका लागि कर्जा प्रवाह सहज बनाउन लिइएको नीतिलाई एनसिसि बैंक लिमिटेडले उत्साह र सक्रियतापूर्वक कार्यान्वयनमा ल्याएको कार्यको सराहना गर्नुभयो ।

मोटर बाटो नपुगेको ग्रामीण क्षेत्रमा बसोवास गर्ने कृषकहरूको व्यवसाय बढाउन वित्तीय स्रोत र साधनको पहुँच पुगोस् र समग्र कृषि क्षेत्रमा लगानी बढोस् भनेर नेपाल राष्ट्र बैंकले यस्तो नीति लिएको गभर्नर डा. नेपालले उल्लेख गर्नुभयो । देशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको उल्लेख्य योगदान क्रमश: घट्दै गएको प्रसंग उठाउँदै उहाँले कृषि क्षेत्रको विकासका लागि सरकारी निकाय, केन्द्रीय बैंक एवम् समग्र बैंकिङ क्षेत्रको सहकार्य आवश्यक रहेको बताउनु भयो । कृषिको महत्व कहिल्यै पनि कम नहुने उल्लेख गर्दै नेपाल जस्तो कृषि प्रधान देशमा धेरै जनसंख्यालाई रोजगारी उपलब्ध गराउन कृषि क्षेत्रको विकास अपरिहार्य रहेको धारणा गभर्नर डा. नेपालले राख्नुभयो ।

देशमा एकातिर कृषियोग्य भूमि बाँझो रहेको र अर्कोतिर मुलुकको विदेशी मुद्रा कृषि उपजको आयातमा बढी मात्रामा खर्च भइरहेको अवस्था उल्लेख गर्दै उहाँले वैदेशिक रोजगारको लागि युवाहरू विदेशिने क्रम बढिरहेको हुँदा कृषिमा आत्मनिर्भर हुन तथा युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न पनि कृषि क्षेत्रलाई उच्च प्राथमिकता राख्नु पर्ने बताउनु भयो । कृषि क्षेत्रमा कर्जा विस्तार होस् भनी नेपाल सरकारले ब्याज अनुदान प्रदान गर्ने व्यवस्था गरेकोले यसको प्रयोग मार्फत कृषकहरूलाई अधिकतम् लाभ लिन सल्लाह दिँदै उहाँले व्यावसायिक कृषि तथा पशुपालन कर्जा विस्तार गरी सबै बैंक तथा वित्तीय संस्थाहरूले केन्द्रीय बैंकको यस नीतिलाई कार्यान्वयनमा ल्याउन सहयोग गर्न आग्रह गर्नुभयो ।

# JCI Siddharth, Nepal को ४१ औं पदस्थापन समारोहको उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले माघ १६ गते JCI Siddharth, Nepal सिद्धार्थनगरको ४१ औं पदस्थापन समारोहको समेत उद्घाटन गर्नुभयो । सो समारोहमा प्रमुख अतिथिको रूपमा मन्तव्य व्यक्त गर्नु हुँदै गभर्नर डा. नेपालले व्यक्तिलाई स्वतन्त्र रूपमा व्यवसाय गर्ने वातावरण भएमा देशको आर्थिक उन्नति हुने बताउनु भयो । मानिस सिर्जनशील प्राणी भएकोले ऊ आफैंले अवसरहरूको पहिचान गर्न सक्ने तथ्यलाई मनन् गरी सकारात्मक सोचबाट अघि बढ्नु पर्ने उल्लेख गर्दै उहाँले स्वदेशमै अवसरहरूको खोजी गरी सफल उद्यमी बन्नेतर्फ लाग्न जोड दिनुभयो ।

व्यक्तिको व्यवसाय गर्ने स्वतन्त्रताको सम्मान गर्ने JCI को प्रतिबद्धता प्रति सन्तोष व्यक्त गर्नु हुँदै उहाँले




नेपालका युवाले सोही अनुरूप भूमिका खेल्नेछन् भन्नेमा विश्वास व्यक्त गर्नुभयो । अवसरहरू स्वदेशमै रहेकोले आँट, धैर्यता र पहिचानको मात्र खाँचो रहेको बताउँदै गभर्नर डा. नेपालले JCI को आदेश प्रेरणाले नेपाली युवाहरू विदेशमा भौंतारिनु नपर्ने अवस्था आउने समेत आशा व्यक्त गर्नुभयो ।

# आर्थिक विकासका लागि संस्थागत विकास

नयाँ संविधानको निर्माणसँगै राज्य पुनर्संरचनाका कारण अर्थतन्त्र सबलीकरण भई दीगो आर्थिक विकास तर्फ केन्द्रित हुने र भूकम्पको पीडालाई शक्तिमा बदली वास्तविक "नयाँ नेपाल" निर्माण अभियानको प्रारम्भ हुने परिकल्पना अधिकांश नेपालीले गरेका थिए र छन् पनि । तर वास्तविकता अर्कैतिर मोडिएका कारण सरकार तथा सार्वजनिक संस्थाप्रतिको जनविश्वास अझ कमजोर हुँदै गएको छ । यसका कारणहरू मध्ये भूकम्प पछिको पुनर्निमाणमा देखिएको सुस्तता, नाकाबन्दी पछि देखिएको बजार संयन्त्रको पूर्ण असफलता तथा संविधान कार्यान्वयनमा देखिँदै गएका जटिलता प्रमुख हुन् ।

डारोन एस्मोग्लु र जेम्स ए रबिन्सन को सन् २०१२ मा प्रकाशित चर्चित "ह्वाइ नेसन्स फेल" पुस्तकमा कुनै पनि देशको विकास, गरिबी तथा पछौटेपनको भित्री रहस्य सैद्धान्तिक तथा व्यावहारिक रुपमा राम्रैसँग खोतलिएको छ । विगत पचास वर्षमा आर्थिक विकासमा माथिल्लो र तल्लो ३० स्थानका देशहरुमा खासै परिवर्तन नहुनुका कारणहरु खोतल्दै नेपाल लगायतका देशको उदाहरण समेत प्रस्तुत गरेका लेखकद्वयले संस्थागत विकास कमजोर हुनुलाई नै राष्ट्र असफल हुनुको मुख्य कारण मानेका छन् । सामान्यतया धैरैजसो सब-साहारान अफ्रिकी मुलुकहरु गरिब देखिए पनि उक्त क्षेत्र बाहिर रहेर पनि नेपाल तथा अफगानिस्तानको संस्थागत क्षमता अफ्रिकी मुलुककै समान भएकै कारण नेपाल गरिब भएको लेखकहरुले प्रष्ट्याएका छन् । विभिन्न घटना/परिघटनाहरुले समेत यसलाई पुष्टि गर्दछन् । देशमा चरम ऊर्जा संकट, पूर्वाधारको ठुलो अन्तर, गरिबी तथा बेरोजगारी आदि हुँदाहुँदै पनि नेपालले विगत पाँच वर्षमा खुद तिर्न बाँकी ऋणमा उल्लेख्य कमी ल्याउनु, अल्पविकसित देशमा विरलै हुने सरकारी बजेट बचत हुनु, सुशासनमा कमी आएको प्रतिवेदनहरु आउनु, सिन्डिकेट र कार्टेलिङ तथा चरम कालोबजारी विद्यमान हुनु लगायतका संस्थागत कारणहरू छन् । संस्थागत पद्धति र अन्तरसंस्था समन्वयको अभाव, सही सूचना, उचित नियन्त्रण एवम् नियमन आदि खड्किएको कुरा भूकम्प राहत वितरणमा देखिएको समस्या, नाकाबन्दी व्यवस्थापनमा भएको असक्षमता लगायतबाट पुष्टि हुन्छ । देशमा चरम बेरोजगारी भई दैनिक १६ सयभन्दा बढी युवा जनशक्ति विदेशमा तल्लोस्तरको मजदुरी गर्न तछाममछाड गर्नु, राम्रो खानदानी हैसियत भएकाहरु उच्च शिक्षाको बहानामा युरोप, अमेरिका, जापानतिर पलायन हुन खोज्नु, उच्च व्यापारघाटा भई परनिर्भरता बढ्नु र सो घटाउने ठोस कार्यक्रमहरु आउन नसक्नु, कृषि प्रधान देशको कृषि माथिको परनिर्भरता वृद्धि हुँदै जानु जस्ता कुराबाट एस्मोग्लु र रबिन्सनले देखाएका संस्थागत कमजोरी छर्लङ्ग हुन्छ ।

यी सबैको जड कारण हाम्रा विद्यमान संस्थागत परिपाटी, व्यवहार, कार्यसंस्कृति तथा कार्यसम्पादन प्रमुख भएको विभिन्न अध्ययनहरुले देखाएका छन् । यसैमा लेखकद्वय एस्मोग्लु र रबिन्सनले भनेका छन्- "जबसम्म दोहनमात्र गर्ने संस्थाहरु हुन्छन्, तबसम्म यस्ता संस्थाहरुले गरिबलाई गरिब नै राख्छन् र आर्थिक समृद्धिको नयाँबाटोमा पाइला राख्नबाट अवरोध गर्दछन् । तसर्थ देशका संस्थाहरु (आर्थिक र राजनैतिक दुवै) ले उद्योगी तथा व्यापारीवर्ग, सर्वसाधारण तथा राजनीतिज्ञहरु बीच कसरी राज्यबाट प्राप्त हुने प्रोत्साहनलाई बाँडफाँड गर्छन्, त्यसमै देश धनी या गरिब बन्ने निश्चित गर्दछ किनभने यी संस्थाहरुले प्रत्येक व्यक्तिको वास्तविक जिन्दगीमा प्राप्त हुने प्रोत्साहन र गरिने व्यवहारलाई प्रभाव पार्दछन् र त्यसैबाट राज्यको सफलता र विफलता निर्धारण हुन्छ ।"

तसर्थ, देश विकासको मूल अस्त्र हाम्रा संस्थाहरु नै हुन् । संस्था सञ्चालन गर्न भौतिक, वित्तीय, सूचनात्मक र मानवीय स्रोत आवश्यक पर्ने भए पनि अन्य तीन स्रोत परिचालन गर्ने भनेकै मानवीय स्रोतले हो र संस्था बलियो हुनुमा मानवीय स्रोत अर्थात् प्रत्येक कार्यालयका नीति निर्माता, प्रमुख र उनका अनुयायीहरु नै कारक हुन् । जुन जुन देशहरुले आज अभूतपूर्व विकास गरे, उनीहरुले संस्थागत विकासका लागि समाजका हरेक तह (राजनीति, प्रशासन, उद्योग/व्यवसाय, शिक्षा, स्वास्थ्य आदि) मा प्रतिभावान व्यक्तित्व विकासमा मुख्य जोड दिए र सँगसँगै त्यस्तो प्रतिभालाई शक्तिमा बदल्न बलियो संस्थागत संरचनाको विकास गरे । छिटो विकास गरेका एसियन देशहरु जस्तैः कोरिया, सिंगापुर, मलेशियाको सुरुआतका वर्षको कार्य हेर्ने हो भने देशका प्रतिभावान युवाहरुको पहिचान गरी विश्वका चर्चित विश्वविद्यालयमा अध्ययन गर्न पठाएको र फर्केपछि उचित कार्य सुम्पने गरेको उदाहरण पाइन्छ । तिनै युवाहरुले संस्था सुदृढ बनाई विकासको जग राखेका थिए, जसलाई उच्च नेतृत्वले समर्थन र साथ दिएको थियो ।


गुणराज भट्ट

हाम्रो देशमा अझै पनि देशको आवश्यकता अनुसारका अल्पकालीन तथा दीर्घकालीन अध्ययनका लागि सरकारी स्तरबाट ख्यातीप्राप्त विदेशी विश्वविद्यालय पठाउन पहल भएको देखिँदैन भने व्यक्तिगत पहल एवम् दातृनिकायकै पहलमा प्राप्त हुने छात्रवृत्तिमार्फत् अध्ययन गरिसकेपछि स्वदेशमा उचित अवसर नपाएरै सामान्य काममा विदेश पलायन हुने संख्या पनि ठुलो छ । तालिम तथा अवलोकन भ्रमणजस्ता छोटो समयका सिकाइलाई भने संस्थाबाट एकाध बाहेक अवसरको रुपमा हेरिएकोले त्यस्ता सिकाइ कार्यक्रममा व्यक्तिको छनौट र तालिम पछि उसले गर्ने कामको उचित तालमेल भएको छैन र तालिम प्राप्त "विज्ञ" भनिएका कर्मचारी काम गर्न बाध्य पनि हुँदैनन् । तर विज्ञ तथा दक्ष प्राविधिकको

बाँकी ७ पेजमा

# कृषि क्षेत्र नेपालको आर्थिक समृद्धिको आधारः गभर्नर डा. नेपाल

गभर्नर डा. चिरंजीबि नेपालले मिडिया इण्टरनेसनलद्वारा माघ ६ गते राजधानीमा आयोजित राष्ट्रिय कृषि नीति र कृषि कर्जा विशेष कार्यक्रमलाई प्रमुख अतिथिका रुपमा सम्बोधन गर्नुभयो । सो सम्बोधनमा गभर्नर डा. नेपालले कृषि क्षेत्र नेपालको आर्थिक समृद्धिको आधार हो भन्नुहुँदै कृषि क्षेत्रको विकास र व्यावसायीकरणका लागि विगत केही वर्षदेखि पर्याप्त बजेट व्यवस्था गरिएको कुरा उल्लेख गर्नुभयो ।




गभर्नर डा. नेपालले कृषि नीतिको प्रभावकारी कार्यान्वयन र राजनैतिक स्थायित्वको प्रत्याभूति हुन सकेमा कृषिमा लगानी बढ्ने र कृषि क्षेत्रले फड्को मार्ने धारणा उक्त कार्यक्रममा राख्नुभयो । कृषि क्षेत्रमा चुनौती मात्र होइन अवसर पनि रहेको बताउँदै उहाँले ऋण लिएपछि नियमानुसार चुक्ता गर्नुको सट्टा विभिन्न कारण देखाउँदै मिनाहा गराउन खोज्ने प्रवृत्ति बढ्दै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको ठुलो हिस्सा रहेको आँकडा पेस गर्नु हुँदै गभर्नर डा. नेपालले गत आर्थिक वर्षमा नेपालजस्तो कृषिप्रधान देशले उल्लेख्य मात्रामा चामल, तरकारी र फलफूल आयात गरेको देखिनु विडम्बनापूर्ण रहेको भन्नुभयो । कृषिमा लगानी अभिवृद्धि गर्न कृषि कर्जामा ब्याज अनुदान र नेपाल राष्ट्र बैंकले कृषि कर्जाको लागि बैंक तथा वित्तीय संस्थाहरूलाई पुनरकर्जा दिने व्यवस्था रहेको जानकारी समेत उहाँले दिनुभयो ।

कृषि व्यवसायीहरुलाई आफ्नो व्यवसायको प्रचारप्रसार गरी अनुकरणीय उदाहरण पेस गर्न र कृषिलाई उपलब्ध गराइएको सुविधाको उपयोग गरी लाभान्वित हुन गभर्नर डा. नेपालले सुझाव दिनुभयो । उहाँले बैंक तथा वित्तीय संस्थाहरुलाई उपयुक्त कृषि व्यवसायमा कर्जा लगानी गर्न आग्रह गर्नुभयो ।




सो कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक शिवनाथ पाण्डेले Agriculture Policy and Status of Agriculture Loan विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा बैंक तथा वित्तीय संस्थाका प्रमुख, कृषि मन्त्रालयका प्रतिनिधि, कृषिजन्य उद्यमी, कृषि क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरुको प्रतिनिधिको सहभागिता रहेको थियो ।

# संस्थागत सुशासन तथा आन्तरिक नियन्त्रण सम्बन्धी अन्तरक्रिया

विकास बैंक सुपरिवेक्षण विभागको आयोजनामा पुस २७ गते पोखरामा संस्थागत सुशासन तथा आन्तरिक नियन्त्रण विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

उक्त अन्तरक्रिया कार्यक्रममा विकास बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक हरिप्रसाद काफ्लेले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै कुनै पनि संस्थाले आफ्नो समस्या वा विषयवस्तुसँग मात्र केन्द्रित नरहेर समग्र प्रणालीमा रहेका व्यावहारिक कठिनाइका विषयमा सुझाव दिन तथा समाधानका सम्बन्धमा छलफल गर्नका लागि कार्यक्रम आयोजना गरिएको कुरा स्पष्ट पार्नुभयो । संस्थागत सुशासन र आन्तरिक नियन्त्रण प्रणाली नै कुनै पनि संस्थाको सफलताको महत्वपूर्ण कडी रहेकोले सोको पालना सबैबाट हुन जरुरी रहेको पनि उहाँले बताउनु भयो ।

सो कार्यक्रममा पोखरा कार्यालयका निर्देशक निलम तिम्सिनाले संस्थागत सुशासन नीति नियमसँग मात्र नभई सामाजिक उत्तरदायित्व तथा वातावरणीय स्थिरतासँग पनि सम्बन्धित हुन्छ र निक्षेपकर्ताहरुको हितका लागि यसको महत्वपूर्ण भूमिका हुन्छ भन्नुभयो । विकास बैंक सुपरिवेक्षण विभागका निर्देशक सरिता अधिकारीले संस्थागत सुशासन र आन्तरिक नियन्त्रण प्रणालीका सम्बन्धमा जारी भएका नीति नियम तथा संस्थागत सुशासन र आन्तरिक नियन्त्रण प्रणालीले समग्र संस्थामा पार्ने असरका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रका विभिन्न १० जिल्लाका विकास बैंकका अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतहरुको सहभागिता रहेको थियो । सहभागीहरुलाई स्वागत तथा कार्यक्रमको सञ्चालन उपनिर्देशक शम्भुनाथ ढुंगानाले गर्नुभएको थियो ।

# बैंक सुपरिवेक्षणका समसामयिक सवालहरू विषयक अन्तरक्रिया



बैंक सुपरिवेक्षण विभागले २०७२ माघ ८ गते पोखरा कार्यालयमा र माघ २९ गते विराटनगर कार्यालयमा "बैंक सुपरिवेक्षणका समसामयिक सवालहरू" विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

पोखराको कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले Risk Based Supervision तथा AML/CFT का सम्बन्धमा धारण राख्नुका साथै सहभागीहरुबाट उठाइएका जिज्ञासाहरुलाई सम्बोधन गर्नु भयो । पोखरा कार्यालयका निर्देशक नीलम तिम्सिनाले स्वागत मन्तव्य राख्नु भयो भने बैंक सुपरिवेक्षण विभागका का.मु. निर्देशक अशोककुमार पौडेलले बैंक सुपरिवेक्षणका समसामयिक सवालहरूमा प्रकाश पार्नु भएको थियो । बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक देवेन्द्र गौतमले "सम्पत्ति शुद्धिकरण एवम् सुपरिवेक्षणका समसामयिक सवालहरू" र सोही विभागका उपनिर्देशक राजनदेव भट्टराईले "बासलका सिद्धान्तहरू, बहुबैंकिङ्ग कर्जा र कर्जा सूचना" सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भयो ।

विराटनगरको कार्यक्रममा बैंक सुपरिवेक्षण विभागका निर्देशक झलक शर्मा आचार्यले सुपरिवेक्षकीय कार्यमा देखिँदै आएका चुनौती र प्रमुख विषयहरुमा प्रकाश पार्नुका साथै सहभागीहरुबाट उठाइएका जिज्ञासाहरुलाई संबोधन गर्नु भयो । सो कार्यक्रममा विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले स्वागत मन्तव्य राख्नुभयो । बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक बासुदेव भट्टराईले "सम्पत्ति शुद्धिकरण एवम् सुपरिवेक्षणका समसामयिक सवालहरू" र सोही विभागका उपनिर्देशक किरण पण्डितले "बासलका सिद्धान्तहरू, बहुबैंकिङ्ग कर्जा र कर्जा सूचना" सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भयो ।

५ पेजको बाँकी

## आर्थिक विकास...

अभावमा कैयन् अध्ययन/अनुसन्धान तथा नीति/योजनाहरु विदेशी विज्ञबाट बनाउने गरिएको यथार्थ पनि हामी सामु छ, जसले गर्दा नेपाल सुहाउँदो नीति तथा कार्यक्रम बन्न समस्या पर्न सक्दछ । दातृ निकायहरुले नेपालका संस्थाहरुमा विश्वास नगरी आफैं संलग्न हुन रुचाउने, बजेटरी सपोर्ट कम गर्ने एवम् सरकारको अनुगमन प्रणाली बाहिर जाने गर्नुको प्रमुख कारण देश विदेशका प्रतिभावान नेपालीका साटो राजनैतिक आस्थाका आधारमा अझै पनि कतिपय सरकारी संघ/संस्थाहरुको बागडोर सुम्पिइने र प्रतिस्पर्धात्मक प्रणालीबाट नियुक्त हुनेलाई पनि सरुवा/बढुवा तथा अन्य वृत्ति विकासका अवसरमा क्षमताभन्दा पनि राजनैतिक आस्था हेर्ने परिपाटी प्रमुख हो ।

पछिल्लो समय भारतमा समेत विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थामा राम्रै छाप पारेका व्यक्तित्वहरुलाई संस्थागत जिम्मेवारी दिने प्रचालन आएको छ । भारतीय रिजर्भ बैंकका गभर्नर राघुराम राजन यसमध्ये एक हुन् भने उनैले अन्तर्राष्ट्रिय मुद्रा कोषकी प्रमुख अर्थशास्त्रीलाई रिजर्भ बैंकमा भिकाएका छन् । तर हाम्रो देशमा भने अन्तर्राष्ट्रिय संस्थाहरुले पत्याएका विद्वत वर्गले स्थायी प्रकृतिका नियुक्तीहरु बिरलै पाएका छन् । तल्लोस्तरमा लोकसेवा आयोगको माध्यमबाट मात्र प्रवेश दिइने र माथिल्लो स्तरमा राजनैतिक पहुँच हुनुपर्ने भएकोले नेपाली मूलका विदेशी विज्ञ स्वदेश भित्र्याउन कानुनी तथा व्यावहारिक अड्चनहरु देखिएका छन् । अत: राज्यलाई आवश्यक पर्दा निश्चित मापदण्डको आधारमा विभिन्न नियुक्तीहरु दिन सकिने प्रावधानहरुमा केही लचकता अवश्य आवश्यक छ ।

देशमा उच्च युवा जनशक्ति, घट्दो जन्मदर तथा मृत्युदर भै आश्रित जनसंख्या न्यून रहेकोले नेपाल अहिले जनसांख्यिक लाभांश (डेमोग्राफिक डिभिडेण्ड) को अवस्थामा छ । हाम्रो देशको प्राकृतिक साधन स्रोत, हावापानी एवम् संस्कृतिमा तुलनात्मक रुपमा हामी धनी नै छौं । वित्तीय विश्वव्यापीकरणको कारण उचित व्यावसायिक वातावरण भएमा वित्तीय साधन स्रोतको अभाव हुँदैन भने हाम्रोमा अझै पनि व्यावसायिक अवसरका नयाँ क्षेत्रहरु धेरै नै बाँकी छन् । अभाव छ भने केवल उचित संस्थाहरुको, जसले उचित नियम, योजना र कार्यक्रम ल्याउन सकून्, जसले देशमा थिति बसाल्न सकून् र नियम कानुनको परिपालनामा पुरस्कार र दण्ड/सजायको व्यवस्थामा पारदर्शी र स्वतन्त्र भएर काम गर्न सकून्, जसमा यो देशका गरिब, किसान, पिछडिएका वर्ग सबैको विश्वास होस र सबैले आ-आफ्नो पेसा, व्यवसायमा नियम कानुनको परिधिमा कर्तव्यनिष्ठ भै काम गर्न सकून्, कुनै पनि सरकारी सेवा/सुविधा उपभोग गर्न, क्षमता अनुसारको रोजगारी पाउन र व्यवसाय गर्न भनसुन गर्न र आफ्नो मान्छे हुन नपरोस् ।

"ह्वाइ नेसन्स फेल" ले देखाए झैं देशमा बलिया संस्थाहरुको निर्माण गर्न नेपालको विद्यमान संविधान, नियम/कानुन तथा नीति/कार्यक्रम भन्दा पनि कमजोर राजनैतिक, आर्थिक, प्रशासनिक एवम् सामाजिक संस्थाहरुको कारणले निर्माण कार्य रोकिने देखिन्छ । यसको लागि २०७२ सालका दुई ठुला विपत्तिले सिकाएको पाठलाई अवसरमा परिवर्तन गरी राज्य पुनसंरचनासँगै संस्थागत पुनर्रसंरचनामा जोड दिनु अपरिहार्य हुन आउँछ । दीर्घकालीन विकासका लागि हामिले प्रतिभावान जनशक्तिको पहिचान गरी स्वदेशमै वा विदेशमा भए पनि दीर्घकालसम्म आवश्यक पर्ने ज्ञान, सीप तथा दक्षता विकास गर्न ढिला गर्नु हुँदैन र उक्त विज्ञताको आधारमा संस्थाको बागडोर दिइने थिति बसाल्नु पर्दछ । हाललाई उपलब्ध मध्येबाटै कुनै पनि आस्थाका बेगर जसको जुन विषयमा दक्षता र क्षमता छ, उसलाई निर्धक्क भएर काम गर्ने अवसर बनाइदिएमा पनि पुनर्निर्माण र पुनर्रसंरचना सँगसँगै नयाँ नेपालको जग हाल्न केही सहयोग पुग्न सक्दछ ।

bhatta.gunaraj@gmail.com

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

(आर्थिक वर्ष २०७२/७३ को छ महिनाको तथ्याङ्कमा आधारित)

## आर्थिक परिदृश्य

नेपालको दक्षिणी सीमा नाकाहरुमा भएको अवरोध क्रमशः खुकुलो हुँदै गएकोले आगामी दिनहरुमा आर्थिक क्रियाकलापले सकारात्मक गति लिने अनुमान गरिएको छ। रासायनिक मल तथा बीउ/बिजनको आपूर्ति प्रभावित भएको तथा मौसम पनि अनुकूल नरहेकोले हिउँदे तरकारी एवम् गहुँको उत्पादनमा केही कमी आउने अनुमान गरिएको छ। राष्ट्रिय गौरवका ठुला आयोजनाहरुलाई अत्यावश्यक इन्धन आपूर्ति गर्न शुरु गरिएकोले विकास-निर्माण कार्य अगाडि बढ्ने देखिन्छ। इन्धन आपूर्ति सहज हुँदै गएकोले आगामी दिनमा औद्योगिक क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अनुमान गरिएको छ। मुलुकमा बन्दै गएको सकारात्मक वातावरणको सन्देश बाह्य जगतमा प्रवाहित हुँदै जाँदा र पर्यटकीय सिजन पनि शुरु हुँदै गर्दा पर्यटन क्षेत्रसँग सम्वन्धित गतिविधि विस्तारै बढ्दै जाने देखिन्छ।

अन्तर्राष्ट्रिय बजारमा तेल तथा धातुजन्य पदार्थको मूल्य कम रहेको, अधिक तरलताको कारण बजार ब्याजदर न्यून रहेको र नेपाली रुपैंया अमेरिकी डलरसँगको तुलनामा कमजोर हुँदै गएकाले समष्टिगत मागमा सकारात्मक प्रभाव पर्ने र सो मार्फत आगामी दिनमा आर्थिक गतिविधिमा विस्तार आउने अवस्था देखिन्छ।

## मुद्रास्फीति

२०७२ पुस महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति १२.१ प्रतिशत रहेको छ। खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क १५.२ प्रतिशतले बढेको छ। गैर-खाद्य तथा सेवा समूहको मूल्य वृद्धिदर ९.७ प्रतिशत रहेको छ। खाद्य तथा पेय पदार्थ समूह अन्तर्गत दलहन तथा गेडागुडी उप-समूहको मूल्य ४६.९ प्रतिशत र घ्यू तथा तेल उप-समूहको मूल्य ३१.३ प्रतिशतले बढेको छ। मसला, मासु तथा माछा, लत्ता कपडा तथा जुत्ताको मूल्यमा १७.६ प्रतिशत, १६.८ प्रतिशत र १३.७ प्रतिशतले वृद्धि भएको छ। क्षेत्रगत आधारमा हेर्दा काठमाडौं उपत्यकामा १३.८ प्रतिशत, पहाडमा १२.१ प्रतिशत, तराईमा १०.७ प्रतिशत र हिमालमा १० प्रतिशतले मूल्य वृद्धि भएको छ।

वार्षिक विन्दुगत थोक मुद्रास्फीती दर ७.६ प्रतिशत रहेको छ। थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क १२.२ प्रतिशत र स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ६.४ प्रतिशतले वृद्धि भएको छ। आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क १.३ प्रतिशतले घटेको छ।

पुस महिनामा भारतको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ५.७ प्रतिशत रहेको तुलनामा नेपालको १२.१ प्रतिशत रहेको छ। यी दुई मुलुक बीचको उपभोक्ता मुद्रास्फीति अन्तर ६.४ प्रतिशत रहेको छ।

## वैदेशिक व्यापार

आर्थिक वर्ष २०७२/७३ को छ महिनामा कुल वस्तु निर्यात २७.२ प्रतिशतले ह्रास आई रु. ३१ अर्ब ५९ करोडमा सीमित भएको छ। भारततर्फ ३५.९ प्रतिशत, चीनतर्फ ६१.८ प्रतिशत र अन्य मुलुकतर्फ ७.३ प्रतिशतले निर्यात घटेको छ। कुल वस्तु आयात २५.७ प्रतिशतले घटेर रु. २७७ अर्ब ७९ मा सीमित भएको छ। भारतबाट भएको आयात ३३.८ प्रतिशत, चीनबाट भएको आयात १४.४ प्रतिशत र अन्य मुलुकबाट भएको आयात ९.९ प्रतिशतले घटेको छ। कुल वस्तु व्यापार घाटा २५.५ प्रतिशतले घटी रु. २४६ अर्ब २० करोडमा सीमित भएको छ। निर्यात-आयात अनुपात ११.४ प्रतिशत रहेको छ।

भन्सार नाकाका आधारमा भैरहवा भन्सार नाका, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाका, मेची भन्सार नाका, कृष्णनगर भन्सार नाका र कैलाली भन्सार नाकाबाट भएको आयातमा वृद्धि भएको छ भने अन्य भन्सार नाकाबाट भएको आयातमा कमी आएको छ।

## निर्यात आयात मूल्य सूचकाङ्क

आर्थिक वर्ष २०७२/७३ को छ महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक विन्दुगत आधारमा १५.९ प्रतिशतले वृद्धि भएको तर आयात मूल्य सूचकाङ्कमा ७.३ प्रतिशतले कमी आएकोले व्यापारको शर्त (Terms of Trade) मा २५ प्रतिशतले वृद्धि भएको छ।

## सेवा

२०७२ वैशाखमा गएको विनासकारी भूकम्पको अन्तराल प्रभाव र सीमा अवरोध एवम् आपूर्ति प्रणालीमा आएको असहज अवस्थाको कारण सेवा क्षेत्रतर्फको कुल आय ४.५ प्रतिशतले कमी आएको र सेवा खर्च २ प्रतिशतले वृद्धि भएकोले खुद सेवा आय बचत ५९ प्रतिशतले घटेर रु. ३ अर्ब २ करोडमा खुम्चिएको छ।

## विप्रेषण आप्रवाह

समीक्षा अवधिमा विप्रेषण आप्रवाह १७.३ प्रतिशतले वृद्धि भई रु. ३२३ अर्ब ६९ करोड पुगेको छ। खुद ट्रान्सफर आय २०.५ प्रतिशतले वृद्धि भई रु. ३७८ अर्ब ८५ करोड पुगेको छ। अन्तिम श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या आर्थिक वर्ष २०७२/७३ को छ महिनामा गत वर्षको सोही अवधिको तुलनामा २२.५ प्रतिशतले घटेको छ।

## चालू खाता एवम् शोधनान्तर स्थिति

चालू खाता समीक्षा अवधिमा रु. १५७ अर्ब ५२ करोडले बचतमा रहेको छ। समग्र शोधनान्तर बचत रु. १३९ अर्ब ७५ करोडले बचतमा रहेको छ। पुँजीगत ट्रान्सफर रु. ७ अर्ब ४१ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. १ अर्ब ९३ करोड रहेको छ। नेपाल राष्ट्र बैंकबाट लिइएको स्वीकृतिका आधारमा चालू आर्थिक वर्षको छ महिनासम्ममा प्रत्यक्ष वैदेशिक लगानीमा रु. १ अर्ब ८९ करोड लाभांश भुक्तानी भएको छ।

क्रमशः पेज ९ मा

## विदेशी विनिमय सञ्चिति

कुल विदेशी विनिमय सञ्चिति पुस मसान्तमा रु. ९८८ अर्ब ४० करोड पुगेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु. ८५३ अर्ब ५६ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्थाहरु (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति रु. १३४ अर्ब ८४ करोड पुगेको छ। कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २१.१ प्रतिशत रहेको छ।

## सञ्चिति पर्याप्तता सूचकहरु

आर्थिक वर्ष २०७२/७३ को छ महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले २१.७ महिनाको वस्तु आयात र १७.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगको अनुपातहरु क्रमशः ४६.५ प्रतिशत, १४७ प्रतिशत र ४८.३ प्रतिशत रहेका छन्।

## कच्चा पेट्रोलियम एवम् सुनको मूल्य

अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७२ पुस मसान्तमा ३७.१ प्रतिशतको उच्च दरले ह्रास आई प्रति ब्यारल अमेरिकी डलर २८.८४ कायम भएको छ। सुनको मूल्य ११.९ प्रतिशतले ह्रास आई प्रति आउन्स अमेरिकी डलर १०८८.४० कायम रहेको छ।

## सरकारी खर्च

समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ३.७ प्रतिशतले वृद्धि भई रु. १५९ अर्ब ४० करोड पुगेको छ। यो रकम बजेट अनुमान रु. ८१९ अर्ब ४७ करोडको १९.५ प्रतिशत हुन आउँछ। चालू खर्च ८.५ प्रतिशतले वृद्धि भई रु. १२६ अर्ब १ करोड पुगेको छ। पूँजीगत खर्चमा १.५ प्रतिशतले ह्रास आई रु. १३ अर्ब ६३ करोडमा सीमित भएको छ। पुँजीगत खर्च बजेट अनुमान रु. २०८ अर्ब ८८ करोडको ६.५ प्रतिशत मात्र हुन आउँछ।

## सरकारी राजस्व

समीक्षा अवधिमा नेपाल सरकारको राजस्व परिचालन १३.७ प्रतिशतले घटी रु. १६४ अर्ब ३३ करोडमा सीमित भएको छ। कुल राजस्व बजेट लक्ष्य रु. ४७५ अर्बको ३४.६ प्रतिशत मात्र परिचालन भएकोले चालू आर्थिक वर्षमा लक्षित राजस्व संकलन हुन कठिन देखिन्छ।

## सार्वजनिक ऋण तथा सरकारको नगद मौज्दात

समीक्षा अवधिमा नेपाल सरकारले रु. १५ अर्ब ६० करोड बराबरको आन्तरिक ऋणको भुक्तानी गरेको छ। नेपाल सरकारको तिर्न बाँकी आन्तरिक ऋण रु. १८१ अर्ब १९ करोड रहेको छ। नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. ८१ अर्ब ८९ करोड नगद मौज्दात कायम रहेको छ।

## कुल आन्तरिक कर्जा

समीक्षा अवधिमा कुल आन्तरिक कर्जा १.१ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा २०७२ पुस मसान्तमा यस्तो कर्जा १३.१ प्रतिशतले बढेको छ। मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी ५.९ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा निजी क्षेत्रमाथिको दावी १३.५ प्रतिशतले बढेको छ।

## निक्षेप संकलन

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप ६ प्रतिशतले बढेको छ। वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः ६.१ प्रतिशत, २.५ प्रतिशत र ४.७ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप २०.१ प्रतिशतले बढेको छ।

## कर्जा प्रवाह

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ५.८ प्रतिशतले बढेको छ। निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको कर्जा प्रवाह क्रमशः ६.६ प्रतिशत, २.२ प्रतिशत र ३.१ प्रतिशतले बढेको छ। वार्षिक विन्दुगत आधारमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा १३.६ प्रतिशतले बढेको छ। निजी क्षेत्रतर्फ प्रवाहित कुल कर्जामध्ये ५९.८ प्रतिशत कर्जा घरजग्गाको धितोमा र १२.६ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ।

समीक्षा अवधिमा औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ५.४ प्रतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा ४.४ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा ४.१ प्रतिशत, यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा १४ प्रतिशत र कृषि क्षेत्रतर्फको कर्जा २ प्रतिशतले बढेको छ। वाणिज्य बैंकहरुबाट साना तथा मझौला व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल कर्जाको २.६ प्रतिशत (रु. ३१ अर्ब ७ करोड) मात्र रहेको छ। वाणिज्य बैंकहरुबाट प्रवाहित ट्रष्ट रिसिट कर्जा (आयात कर्जा) १३.४ प्रतिशत (रु. ७ अर्ब ३६ करोड) ले घटेको छ।

## तरलता व्यवस्थापन

आर्थिक वर्ष २०७२/७३ को ६ महिनासम्ममा नेपाल राष्ट्र बैंकले पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. १९८ अर्ब ४० करोड, रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. ९७ अर्ब ३५ करोड तथा सोझै बिक्री बोल-कबोलमार्फत् रु. ९ अर्ब १० करोड गरी रु. ३०४ अर्ब ८५ करोड तरलता प्रशोचन गरेको छ। निक्षेप संकलन बोल-कबोल बक्यौता रकम रु. १४१ अर्ब १५ करोड रहेको छ। नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर २ अर्ब २३ करोड खुद खरिद गरी रु. २३४ अर्ब १३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ। अमेरिकी डलर १ अर्ब ३८ करोड बिक्री गरी रु. १४५ अर्ब २८ करोड बराबरको भा.रु. खरिद भएको छ।

## पुनरकर्जा तथा उत्पादनशील कर्जा

समीक्षा अवधिमा साधारण पुनरकर्जा रु. १ अर्ब ७० करोड र निर्यात पुनरकर्जा रु. १६ करोड गरी जम्मा रु. १ अर्ब ८६ करोड पुनरकर्जाको उपयोग भएको छ। वाणिज्य बैंकहरुले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था भएकोमा २०७२ पुस मसान्तसम्ममा वाणिज्य बैंकहरुको यस्तो कर्जा १६ प्रतिशत रहेको छ।

बाँकी १० पेजमा

# एकीकृत निर्देशन २०७२ सम्बन्धी गोष्ठी सम्पन्न

बैंक तथा वित्तीय संस्था नियमन विभागले पुस २९ गते धनगढी कार्यालयमा नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन २०७२ सम्बन्धी एक दिने गोष्ठी आयोजना गर्‍यो ।

सो गोष्ठीमा बैंक तथा वित्तीय संस्था नियमन विभागका कार्यकारी निर्देशक शिवनाथ पाण्डेले बैंक तथा वित्तीय संस्थाको स्वस्थता, प्रभावकारिता तथा संस्थागत सुशासनका लागि नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनहरुको हुबहु पालना हुनुपर्ने बताउनु भयो । उहाँले नेपाल राष्ट्र बैंकले समय सापेक्ष रुपमा निर्देशनहरु जारी गर्ने गरेको उल्लेख गर्दै सहभागीहरुका जिज्ञासाहरुको समेत जवाफ दिनुभयो ।

सोही कार्यक्रममा बैंक तथा वित्तीय संस्था नियमन विभागका निर्देशक रमेशकुमार पोखरेलले उपस्थित सहभागीहरुलाई स्वागत गर्दै गोष्ठीको उपादेयताका बारेमा आफ्नो विचार व्यक्त गर्नु भएको थियो । बैंक तथा वित्तीय संस्था नियमन विभागका उपनिर्देशक दीर्घबहादुर रावलले एकीकृत निर्देशनमा उल्लेखित विभिन्न निर्देशनहरु माथि प्रकाश पार्नु भएको थियो । कार्यक्रममा सहभागी बैंक तथा वित्तीय संस्थाहरुका तर्फबाट मालिका विकास बैंकका प्रमुख कार्यकारी अधिकृत ध्रुवराज तिवारीले गोष्ठी फलदायी भएको उल्लेख गर्दै आगामी दिनमा समेत त्यस प्रकारका कार्यक्रमहरु राख्न अनुरोध गर्नु भएको थियो ।

धनगढी कार्यालयको कार्यक्षेत्र भित्र पर्ने बैंक तथा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत/शाखा प्रमुख तथा अधिकृतहरु सम्मिलित उक्त गोष्ठीमा सो क्षेत्रका बैंक तथा वित्तीय संस्थाका करिब ४० जना प्रमुख/शाखा प्रमुख/अधिकृतहरुको उपस्थिति रहेको थियो । कार्यक्रमको संचालन बैंक तथा वित्तीय संस्था नियमन विभागका उप-निर्देशक केशव थापाले गर्नु भएको थियो ।

यसअघि पुस २८ गते कार्यकारी निर्देशक शिवनाथ पाण्डे तथा निर्देशक रमेशकुमार पोखरेल युवाहरुलाई कृषि कर्जामा प्रदान गरिने ब्याज अनुदान सम्बन्धी कार्यविधि, २०७१ बमोजिम गठित कैलाली जिल्ला समन्वय तथा अनुगमन समितिका संयोजक जिल्ला कृषि विकास कार्यालयका प्रमुख युवराज पाण्डेको संयोजकत्वमा बसेको बैठकमा सहभागी हुनु भएको थियो । सो बैठकमा कार्यकारी निर्देशक पाण्डेले कृषि कर्जा प्रवाहमा वृद्धि गर्नका लागि जिल्ला समन्वय तथा अनुगमन समितिले अहं भूमिका निभाउन सक्ने विचार व्यक्त गर्दै प्रवाह भएको कृषि कर्जाको अनुदान रकम माग भएमा नेपाल राष्ट्र बैंकले तत्काल उपलव्ध गराउने व्यवस्था रहेकोले कृषि क्षेत्रमा कर्जा प्रवाह गर्न जिल्ला समन्वय तथा अनुगमन समितिका सदस्य रहेका बैक तथा वित्तीय संस्थाका प्रतिनिधिहरुलाई जोड दिनु भएको थियो ।

( k]hsf]afSL

**देशको वर्तमान...**

## अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधा

आर्थिक वर्ष २०७२/७३ को ६ महिनामा वाणिज्य बैंकहरुले रु. ४११ अर्ब र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु. ३४ अर्ब ७५ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले स्थायी तरलता सुविधाको माग गरेका छैनन् ।

## ब्याजदर

२०७२ पुसमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर ०.६८ प्रतिशत पुगेको छ । ९० दिने निक्षेप बोलकबोलको भारित औसत ब्याजदर ०.८१ प्रतिशत पुगेको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर ०.२६ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर १.२१ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरुको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ४.४७ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरुको औसत आधार ब्याजदर ६.८२ प्रतिशत कायम हुन आएको छ ।

## समष्टिगत नियमन

घरजग्गा (Real Estate) क्षेत्रमा प्रवाहित कर्जा कुल कर्जाको २५ प्रतिशतको सीमाभित्र रहनुपर्ने व्यवस्था रहेकोमा २०७२ पुससम्ममा बैंक तथा वित्तीय संस्थाहरुले यस क्षेत्रमा कुल रु. २१८ अर्ब ९० करोड कर्जा (प्रति ग्राहक रु. १ करोड भन्दा कमको रु. १२५ अर्ब २८ करोडको आवासीय घरकर्जा सहित) प्रवाह गरेका छन् । उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कर्जाको १५.२ प्रतिशत हुन आउँछ । २०७२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले शेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको १.९ प्रतिशत (रु. २७ अर्ब ६१ करोड) रहेको छ ।

बैंक तथा वित्तीय संस्थाहरुको कर्जा-निक्षेप (स्वदेशी निक्षेप र प्राथमिक पुँजी सहित) अनुपात ८० प्रतिशत नाघ्न नहुने व्यवस्था रहेकोमा २०७२ मंसिरमा यस्तो अनुपात वाणिज्य बैंकहरुको ७१.८६ प्रतिशत, विकास बैंकहरुको ७०.१६ प्रतिशत तथा वित्त कम्पनीहरुको ६८.६५ प्रतिशत रहेको छ ।

वाणिज्य बैंकहरुले जोखिम भारित सम्पत्तिको १० प्रतिशत र विकास बैंक एवम् वित्त कम्पनीहरुले ११ प्रतिशत पुँजीकोष अनुपात कायम गर्नुपर्ने व्यवस्था रहेकोमा २०७२ मंसिर मसान्तमा यस्तो अनुपात वाणिज्य बैंकहरुको ११.८९ प्रतिशत, विकास बैंकहरुको १६.४७ प्रतिशत र वित्त कम्पनीहरुको २१.४९ प्रतिशत रहेको छ ।

वित्तीय स्रोत परिचालनतर्फ वाणिज्य बैंकहरुलाई निक्षेप संकलनको सीमा तोकिएको छैन भने विकास बैंक तथा वित्त कम्पनीहरुको हकमा भने आफ्नो प्राथमिक पुँजीको क्रमश: २० गुणासम्म र १५ गुणासम्म वित्तीय स्रोत संकलन गर्नसक्ने व्यवस्था रहेको छ । यस अनुसार २०७२ पुसमा विकास बैंकहरुले प्राथमिक पुँजीको ६.७ गुणा र वित्त कम्पनीहरुले ५.१ गुणा निक्षेप संकलन गरेका छन् ।

## अन्तर्राष्ट्रिय तालिम तथा सेमिनारमा सहभागिता

बैंकर्स प्रशिक्षण केन्द्रका उपनिर्देशक निरा ताल्चाभडेल, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक यामबहादुर सुर्खाली, जनशक्ति व्यवस्थापन विभागका सहायक निर्देशक राजेशकुमार उदास र बैंकिङ कार्यालयका सहायक निर्देशक सरिता श्रेष्ठ CICTAB ले India मा माघ ४ देखि ८ गतेसम्म आयोजना गरेको International Program on Training Techniques for Trainers of Co-operative and Rural Financing Institutions मा सहभागी हुनुभयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक दीर्घबहादुर थापा र आन्तरिक लेखापरीक्षण विभागका सहायक निर्देशक साधुराम तिमिल्सिना CICTAB ले Bangladesh मा माघ ३ देखि ७ गतेसम्म आयोजना गरेको International Study Visit Program on Financing MSMEs in Bangladesh मा सहभागी हुनुभयो ।

अनुसन्धान विभागका सहायक निर्देशक श्यामराज त्रिपाठी र सिद्धार्थनगर कार्यालयका सहायक निर्देशक शान्तिप्रसाद पाण्डे IMF ले Cambodia मा माघ ७–८ गते आयोजना गरेको Seminar on Integrated Macroeconomic Statistics and the Balance Sheet Approach for Better Economic Decision Making मा सहभागी हुनुभयो ।

## अवकाश

बैंकिङ कार्यालयका सहायक निर्देशक रमा मैनालीले बैंक सेवाबाट अवकाश पाउनु भएको छ । उहाँले बैंक सेवामा ५८ वर्षको उमेर सीमाका कारण अवकाश पाउनु भएको हो । सामान्य सेवा विभागका सहायक निर्देशकहरु (चालकहरु) माधवप्रसाद पौडेल र उद्धवप्रसाद मैनालीले पनि बैंक सेवाबाट अवकाश पाउनु भएको छ । उहाँहरुले ३० वर्षे बैंक सेवा अवधिका कारण अवकाश पाउनु भएको हो । बैंकिङ कार्यालयका कार्यालय सहयोगी प्रथम लक्ष्मीमाया पोडेनीले ३० वर्षे बैंक सेवा अवधिका कारण अवकाश पाउनु भएको छ ।

## कर्मचारी संघमा नयाँ नेतृत्व

नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक, केन्द्रीय समितिको लागि माघ ४ गते सम्पन्न भएको प्रत्यक्ष निर्वाचनले रेशमराज रेग्मीको अध्यक्षतामा १५ सदस्यीय केन्द्रीय समिति चयन गरेको छ ।



सो समितिको वरिष्ठ उपाध्यक्षमा भुवनेश्वर भट्टराई, उपाध्यक्षमा राजनप्रसाद अधिकारी, महासचिवमा राजिव शर्मा रेग्मी, सचिवमा हरिकृष्ण भट्टराई र कोषाध्यक्षमा देवराज घिमिरे रहनु भएको छ ।

यसैगरी, सदस्यहरुमा कृष्णबहादुर कुँवर, शिवनाथ योगी, मिनप्रसाद पोखरेल, कुमार पण्डित र अष्टबहादुर श्रेष्ठ छानिनु भएको छ भने आरक्षित महिला सदस्यद्वयमा मीना कुँवर कालिकोटे र शान्ता पौडेल हमागाइँ तथा सहायक आरक्षित सदस्यद्वयमा हिरामान श्रेष्ठ र विनोद पञ्चकोटी परियार हुनुहुन्छ ।

सोही दिन भएको निर्वाचनबाट राजकुमार खत्रीको अध्यक्षतामा ११ सदस्यीय नेपाल वित्तीय संस्था कर्मचारी संघ, नेपाल राष्ट्र बैंक, बालुवाटार शाखा समितिको पनि चयन भएको छ ।

## सरुवा

जनकपुर कार्यालयका सहायक लालकुमार सुवेदीको वीरगञ्ज कार्यालयमा सरुवा भएको छ । वीरगञ्ज कार्यालयका सहायक विश्वनाथ अधिकारीको जनकपुर कार्यालयमा सरुवा भएको छ ।

## फर्पिङमा वित्तीय साक्षरता कार्यक्रम

विद्यार्थी महिला तथा सर्वसाधारणलाई वित्तीय चेतना प्रदान गरी उनीहरुलाई बैंक तथा वित्तीय संस्थाहरुसँग कारोवार गर्न अभिप्रेरित गर्ने उद्देश्यले गभर्नरको कार्यालयले फर्पिङ क्षेत्रका स्थानीय विभिन्न संघ संस्थाहरुसँग समन्वय गरी सो क्षेत्रमा वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु सम्पन्न गरेको छ । माघ १९ गते नित्यनाथ वचत तथा ऋण सहकारी संस्थाको समन्वयमा पहिलो कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा गभर्नरको कार्यालयका सहायक निर्देशक सार्थक कार्कीले वित्तीय चेतना सम्बन्धी ज्ञान प्रदान गर्नुका साथै वित्तीय चेतनासँग सम्बन्धित सामग्रीहरु हस्तान्तरण गर्नु भयो । दोस्रो कार्यक्रम माघ २३ गते सम्पन्न भयो । माताकाली वचत तथा ऋण सहकारी संस्था लिमिटेडको समन्वयनमा गरिएको उक्त कार्यक्रममा गभर्नरको कार्यालयको सहायक निर्देशक सिर्जना श्रेष्ठले वित्तीय साक्षरता सम्बन्धी जानकारी दिँदै बैंक तथा वित्तीय संस्थाहरुसँग कारोवार गरी आत्मनिर्भर बन्न जोड दिनुभयो । लैङ्गिक समानता तथा महिला सशक्तिकरण केन्द्रको समन्वयमा फागुन २ गते यसै श्रृङ्खला अन्तर्गतको तेस्रो कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा गभर्नरको कार्यालयका सहायक निर्देशक सुरेश पन्तले वित्तीय सचेतना सम्बन्धी सामग्री प्रस्तुत गर्दै यसको महत्व र



उपादेयताका सम्बन्धमा प्रकाश पार्नु भयो । उपरोक्त सबै कार्यक्रमहरुमा स्थानीय स्कुलका विद्यार्थीहरु, महिलाहरु, सहकारीकर्मीहरु लगायत सर्वसाधारणहरुको उल्लेख्य उपस्थिति रहेको थियो । सहभागीहरुले यस प्रकारका कार्यक्रमहरुको निरन्तरतामा जोड दिँदै कार्यक्रमबाट आफूहरु लाभान्वित भएको बताएका थिए ।

# भुक्तानी तथा फछ्र्यौट विभागद्वारा विराटनगर र पोखरामा गोष्ठी सम्पन्न

भुक्तानी तथा फछ्र्यौट विभागले सरोकारवाला संस्थाहरुको प्रस्तावित नियमन नीतिका सम्बन्धमा राय सुझाव लिन विराटनगर र पोखरामा अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । यस्तो अन्तरक्रिया विराटनगरमा माघ ८ गते र पोखरामा माघ १५ गते सम्पन्न भएको थियो । उक्त दुवै अन्तरक्रिया कार्यक्रममा भुक्तानी तथा फछ्र्यौट विभागका कार्यकारी निर्देशक महेश भट्टराईले कार्यक्रमको अध्यक्षता समेत गर्नुहुँदै विभागको योजना र सो सन्दर्भमा अन्तरक्रिया कार्यक्रमको औचित्य माथि प्रकाश पार्नु भएको थियो ।



विराटनगरमा सम्पन्न कार्यक्रममा भुक्तानी तथा फछ्र्यौट व्यवस्था सम्बन्धमा अन्तर्राष्ट्रिय मान्यता विषयमा विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले वार्ता प्रस्तुत गर्नुभएको थियो भने पोखरामा सम्पन्न कार्यक्रममा सोही विषयमा पोखरा कार्यालयका निर्देशक नीलम तिम्सिनाले वार्ता प्रस्तुत गर्नु भएको थियो । दुवै कार्यक्रममा भुक्तानी तथा फछ्र्यौट विभागका उपनिर्देशक सत्येन्द्र तिमिल्सिनाले नेपालमा भुक्तानी तथा फछ्र्यौट सम्बन्धी वर्तमान अवस्था र भावी कार्य दिशा विषयमा वार्ता प्रस्तुत गर्नु भएको थियो ।

दुवै स्थानका अन्तरक्रिया कार्यक्रममा नेपाल राष्ट्र बैंकका कर्मचारी र भुक्तानी तथा फछ्र्यौट सम्बन्धी कार्य गर्ने बैंक तथा वित्तीय संस्था लगायत टेलिकम सेवा प्रदायक निकायका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।



देशमा सुरक्षित, स्वस्थ र सक्षम भुक्तानी प्रणालीको विकास गर्ने उद्देश्यले यसै वर्ष भुक्तानी तथा फछ्र्यौट विभागको स्थापना गरिएको हो । उक्त विभागले भुक्तानी तथा फछ्र्यौट सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई इजाजत, नियमन, अनुगमन तथा सुपरिवेक्षण र निगरानीका व्यवस्था सम्बन्धी नीति तर्जुमाको कामलाई अगाडि बढाएको छ ।

p4/0f **राजधानी दैनिक** २०७२ माघ २१ गते
सम्पादकीय

## गरिब पहिचान सकारात्मक कदम

सरकारले चालू आर्थिक वर्षभित्रै २५ जिल्लाका गरिब घरपरिवारलाई परिचय पत्र दिने भएको छ । सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गतको गरिब घरपरिवार पहिचान र परिचय पत्र व्यवस्थापन तथा वितरण समन्वय बोर्डले परिचय पत्रको रूपमा स्मार्ट कार्ड दिने तयारी गरेको छ । यसले गरिब तथा विपन्न परिवारका लागि योजना र नीति बनाउन सहयोग गर्ने अपेक्षा गरिएको छ। गरिब घरपरिवार पहिचान गर्नु र पहिचान गरिएका परिवारलाई परिचय पत्रको रूपमा स्मार्ट कार्ड दिनु सरकारको सकारात्मक कदम हो । नेपाल सरकारले सरकारी बजेटमा उल्लेख गरेर सञ्चालन गर्नेदेखि लिएर विदेशी दातृ निकाय तथा देशीविदेशी संघसंस्थाले सञ्चालन गर्ने अधिकांश कार्यक्रम गरिबी निवारण लक्षित छन् । सरकारको वार्षिक बजेट र नीति तथा कार्यक्रम पनि गरिबी निवारणका लागि प्रत्यक्ष र परोक्ष सहयोग पुग्ने कार्यक्रमको वरिपरि नै घुम्ने गरेको छ । यद्यपि, वर्षौंदेखिको नेपालको गरिबी समस्या समाधान हुन भने सकिरहेको छैन ।

सरकारले करिब २१ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनि रहेको बताउँदै आएको छ। सरकारी दस्तावेजमा पनि यही तथ्यांक उल्लेख गरिएको पाइन्छ । सरकारले गरिबीको मापक बनाए पनि गरिब को हो ? भनेर पहिचान गरेको थिएन। अब स्मार्ट कार्ड वितरणपछि सरकारले 'यी–यी परिवार गरिब हुन्' भनेर घरमुलीको नामै भन्न सक्ने भयो । गरिब परिवार कहाँकहाँ छन् ? भनेर खोज्न सकिने भयो । गरिबी निवारण वा गरिब लक्षित कार्यक्रम वास्तविक गरिबसम्म लैजान सहज हुने भयो । यसकारण गरिब घरपरिवार पहिचान कार्यक्रम आफैंमा राम्रो कार्यक्रम हुनेछ । गरिब घरपरिवार पहिचान कार्यक्रमको अर्को सकारात्मक पक्ष पनि छ। अहिलेसम्म देशीविदेशी संघसंस्था वा सरकार आफैंले पनि गरिबका लागि सञ्चालन गर्ने कार्यक्रमको लक्षित व्यक्ति वा समुदाय को हो ? भनेर पहिचान गर्नमै निकै ठुलो धनराशि र समय खर्च हुने गरेको छ। अब गरिब घरपरिवार पहिचान भइसकेपछि सरोकारवाला निकायले गरिब लक्षित कार्यक्रम तीव्र रूपमा अगाडि बढाउन सक्नेछन्। गरिब को हो भनेर स्रोत र समय खर्च गरिरहनुपर्ने अवस्थाको अब अन्त्य हुने आशा गर्न सकिन्छ। पहिचान भएका गरिब घरपरिवारको पहुँच हुनेगरी कार्यक्रम सञ्चालन गर्न सकिन्छ। यस्तै, सरकारले सञ्चालन गर्ने गरिबी निवारणकेन्द्रित सामाजिक सुरक्षालगायत कार्यक्रमका लागि पनि ठुलो सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।...

**प्रकाशक**
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

**सम्पादक**
विभुप्रसाद अर्याल

**सम्पादन सहयोगी**
सुरेश पन्त
सिर्जना श्रेष्ठ
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४७७०६१३, ४७७०२५३